
**प्रकाशक :**

नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं, नेपाल

**प्रकाशन सहयोग :**

विश्व स्वास्थ्य संगठन
(नेपाल)

# राष्ट्रिय शहरी नीति, २०६४




नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
## शहरी विकास तथा भवन निर्माण विभाग

नेपाल सरकार (मन्त्रिपरिषद्) को
मिति २०६४/०५/०६ को बैठकको निर्णय बमोजिम स्वीकृत

## सार-संक्षेप (Executive Summary)

प्रस्तुत राष्ट्रिय शहरी नीति शहरी विकाससँग सम्बद्ध विभिन्न निकाय, बुद्धिजीवी र विज्ञहरुसँग विगत २०६१ सालदेखि नै विभिन्न चरणमा गरिएको छलफल अन्तरक्रियामा व्यक्त विचार तथा विज्ञ समूहबाट प्राप्त लिखित राय सुझावहरु समेतलाई समायोजन गरी तर्जुमा गरिएको दस्तावेज हो । यस दस्तावेजले देशमा विद्यमान अस्तव्यस्त शहरीकरण र यसका चुनौतीहरुलाई एकीकृत एवं समन्वयात्मक रुपमा संवोधन गरी नियोजित गर्ने प्रयास गरेको छ । यस दिशामा प्रस्तावित राष्ट्रिय शहरी नीति एउटा महत्वपूर्ण मार्गदर्शक दस्तावेज हुने अपेक्षा गरिएको छ ।

नेपालमा सन् १९७० को दशकदेखि नै शहरीकरणमा आएको तीब्रतासंगै विविध चुनौतीहरु पनि थपिदै गएका छन् । शहरी जनसंख्याको प्रतिशत अझ पनि करिब १५ प्रतिशत मात्र छ तर पनि अव्यवस्थित रुपमा भएको शहरीकरणले गर्दा यो एउटा प्रमुख राष्ट्रिय समस्याको रुपमा देखा परिसकेको छ । काठमाडौं केन्द्रित शहरीकरणले राष्ट्रिय शहरी स्वरुप असन्तुलित छन् । काठमाडौं उपत्यका लगायत सीमित ठूला नगरपालिकाहरुमा मात्र भौतिक, सामाजिक र आर्थिक संरचनाहरु केन्द्रित छन् । अतः ग्रामीण भेग एवं साना शहरहरुबाट ठूला शहरी केन्द्रहरुमा बसाइ सराइ हुने क्रम तीब्र छ । नगरपालिकाहरुको संस्थागत क्षमताको अभावमा शहरी पूर्वधार सेवाहरुको प्रवाह प्रभावकारी हुन सकेको छैन । भौतिक संरचना अपर्याप्त छन् । वातावरणीय स्थिति खस्कँदो छ । फोहर व्यवस्थापन झनै जटिल बन्दै गएको छ । शहरमा रोजगारीका अवसरहरु बढाउन सकिएको छैन । यसले शहरी गरीवी एवं सुकुम्बासी समस्यालाई गंभीर रुपमा बढाइरहेको छ । पर्याप्त भौतिक तथा संस्थागत संरचनाहरुको व्यवस्था नभई ग्रामीण भेगहरु मिलाई नगरपालिका घोषणा गर्ने परिपाटिले यो समस्यालाई झनै जटील बनाएको छ । शहरी विकासका कस्ता कार्यहरु स्थानीय निकायले गर्ने र कस्ता कार्यहरु केन्द्रिय निकायहरुले गर्ने भन्ने विषयमा अझ पनि नीतिगत अन्योल कायमै छ । शहरी विकासका विद्यमान संस्थागत एवं नीतिगत प्रयासहरु एकीकृत रुपमा सञ्चालन हुन नसक्दा यी प्रयासहरु बीच

समन्वयको सर्वथा अभाव देखिएको छ। यसले गर्दा शहरी विकासका क्षेत्रमा हुने लगानी नियोजित हुन नसकिरहेको र अपेक्षाकृत प्रतिफल पनि प्राप्त हुन नसकिरहेको अवस्था छ। निष्कर्षमा भन्दा हालसम्म पनि शहरी विकासको सन्दर्भमा राष्ट्रिय सोचको अभाव रहेकोले हालको शहरीकरणले देशको आर्थिक विकास तथा गरीबी निवारण जस्ता राष्ट्रिय लक्षहरुमा अपेक्षाकृत योगदान पुऱ्याउन सकेको छैन। अतः शहरी विकाससँग सम्बद्ध निकायहरुको भूमिकालाई सुस्पष्ट गर्दै स्रोत परिचालनका उपायहरु पहिचान गरी शहरीकरणका विविध चुनौतीहरुलाई एकिकृत एवं समन्वयात्मक रुपमा संबोधन गर्न राष्ट्रिय शहरी नीतिको अपरिहार्यता महसुस गरिएको हो।

प्रस्तुत राष्ट्रिय शहरी नीतिले मूख्यतया तीनवटा उद्देश्यहरु राखेको छ। पहिलो, पूर्वधार सेवाहरुको विकास र लगानीलाई निर्देशित गर्दै सन्तुलित राष्ट्रिय शहरी स्वरुप हासिल गर्ने, दोस्रो, स्वच्छ, सुरक्षित एवं समृद्ध शहरी वातावरणको विकास गरी शहरी वासिन्दाहरुको जीवनस्तरमा सुधार ल्याउने र तेस्रो, स्थानीय निकायहरुलाई कानूनी एवं संस्थागत रुपमा सुदृढ गर्दै शहरी विकासमा संलग्न निकायहरु बीच समन्वय र सहकार्य अभिवृद्धि गरी शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउने।

उपर्युक्त उद्देश्यहरु प्राप्त गर्न प्रस्तुत राष्ट्रिय शहरी नीतिले विभिन्न उद्देश्यगत रणनीति र नीतिहरु प्रस्ताव गरेको छ। जस अन्तर्गत सन्तुलित राष्ट्रिय शहरी स्वरुप प्राप्त गर्न औद्योगिक क्रियाकलाप तथा शहरी पूर्वाधार लगानीलाई पिछडिएको बिकास क्षेत्रमा पुऱ्याउन प्राथमिकता दिने, हरेक विकास क्षेत्रमा हिमाल र तराई जोड्ने उत्तर-दक्षिण राजमार्गको विकास; औद्योगिक, व्यापारिक र निर्यात प्रवर्द्धन गर्ने क्षेत्रिय शहरी केन्द्र र उत्तर-दक्षिण तथा पूर्व-पश्चिम राजमार्ग छेउ मध्यम स्तरीय शहरी केन्द्र को विकास गर्ने, यस्ता शहरी केन्द्रहरुसँग ग्रामीण केन्द्रहरुको यातायात तथा संचार सर्म्पकद्वारा आवद्ध गराई ग्रामीण क्षेत्रको आर्थिक विकासलाई टेवा पुऱ्याउने र काठमाडौं उपत्यकाको दीर्घकालीन विकास सोचसँग मेल नखाने आर्थिक क्रियाकलापहरुलाई काठमाडौं उपत्यका बाहिरका क्षेत्रीय एवं मध्यम स्तरीय शहरी केन्द्रहरुमा स्थानान्तरण



गर्ने नीति प्रस्तावित गरिएका छन्। स्वच्छ एवं समृद्ध शहरी वातावरण बनाउन स्थानीय निकायहरुलाई विकास निर्माणका कार्यहरु गर्दा योजनाबाट निर्देशित हुने परिपाटिको विकास गर्ने; वातावरणीय अनुकूल सार्वजनिक यातायात प्रणालीमा जोड दिने; साँस्कृतिक सम्पदा एवं प्राकृतिक स्रोतहरुको संरक्षण गर्ने; स्वस्थ शहर कार्यक्रमलाई संस्थागत गर्ने; प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्ने; आवासमा न्यून आय वर्गको पहुँचलाई वृद्धि गर्ने तथा स्थानीय संभाव्यता र अवसरहरुमा आधारित आर्थिक बिकासलाई जोड दिँदै असंगठित तथा अनौपचारिक क्षेत्रका आर्थिक अवसरहरुलाई व्यवस्थापन गर्ने रणनीति/नीतिमा जोड दिइएको छ। शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउन शहरी योजना तर्जुमा तथा अनुगमन प्रकृयामा जिम्मेवार केन्द्रीय निकायको स्थापना गर्ने, निश्चित स्तरको भौतिक पूर्वाधार तथा आर्थिक क्रियाकलाप भएको क्षेत्रलाई मात्र नगरपालिका घोषणा गर्ने परिपाटि विकास गर्ने र स्थानीय निकायहरुलाई शहरी योजना कार्यन्वयनमा प्रमुख निकायको रुपमा विकास गर्ने नीति अवलम्बन गरिएको छ।

प्रस्तुत राष्ट्रिय शहरी नीति कुनै एउटा निकायले कार्यान्वयन गर्ने विषय नभई यसमा योजना तर्जुमा गर्ने, भौतिक पूर्वाधार निर्माण एवं सेवा सुविधाको व्यवस्था गर्ने तथा आर्थिक क्रियाकलाप सञ्चालन गर्ने सबै सरकारी निकाय, स्थानीय निकाय, गैर सरकारी संस्था, निजी क्षेत्र तथा बित्तीय संस्थाहरुको भूमिका समान रुपले महत्वपूर्ण हुने हुदाँ यी निकायहरु बीच समन्वय र सहकार्यमा जोड दिइएको छ। साथै यस नीतिले शहरी पूर्वाधारको विकासमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न उपयुक्त लगानी वातावरण तयार गर्ने, सार्वजनिक निजी लगानीलाई बढावा दिने र शहरी वित्त परिचालनमा बैकिङ् क्षेत्रलाई पनि प्रोत्साहन गर्ने नीति लिइएको छ।

# प्राक्कथन

१. देशमा भइरहेको तिब्र शहरीकरण दिनानुदिन चुनौतीपूर्ण बन्दै गइरहेको भएतापनि शहरीकरण सम्बन्धी राष्ट्रिय सोच एवं एकीकृत नीतिको अभावमा शहरी विकासमा भइरहेको संस्थागत प्रयास एवं लगानी प्रभावकारी हुन सकिरहेका छैनन्। कतिपय अवस्थामा शहरीकरणबाट सृजित समस्याहरु भयावह अवस्थामा छन्। शहरी भौतिक पूर्वाधार तथा सेवा सुविधाहरुको अभाव सर्वत्र व्याप्त छन्। शहरी सरसफाइ तथा वातावरणीय प्रदूषण जटिल बन्दै गएको छ। शहरी गरीबी, सुकुम्बासी समस्या तथा रोजगारीका समस्याहरु हरेक नगरपालिकाहरुको विशेषता भइसकेका छन्। भइरहेको लगानी अपर्याप्त हुनुको साथै लक्षित समूहसम्म पुग्न सकिरहेको छैन। यी चुनौतीहरुलाई समन्वयात्मक रुपमा सम्बोधन गर्न राष्ट्रिय शहरी नीतिको आवश्यकता अपरिहार्य भएको छ।

२. यस दिशामा पहिलो प्रयास स्वरुप २०६१ बाट शहरी विकास तथा भवन निर्माण विभागले प्रस्तुत राष्ट्रिय शहरी नीतिको तर्जुमा कार्य थालनी गरेको हो। यस दौरानमा विभिन्न तह र चरणमा सम्बन्धित सरोकारवालहरुसँग छलफल तथा सुझावहरु लिई मस्यौदा तयार गर्ने कार्य सम्पन्न भएको थियो।

३. त्यस मस्यौदा उपर २०६२ मा तपसिल बमोजिमका विभिन्न सरकारी, गैरसरकारी संघसंस्था, नागरिक समाज, तथा दातृ निकायहरुका प्रतिनिधिहरुको भेलाबाट थप राय सुझाव संकलन गरिएको थियो।

- स्थानीय विकास मन्त्रालय,
- भौतिक योजना तथा निर्माण मन्त्रालय,
- भूमि सुधार व्यवस्था विभाग,
- शहरी विकास तथा भवन निर्माण विभाग,
- काठमाडौं उपत्यका नगर विकास समिति,
- काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका,



- Lumanti, SLTDC, ENPHO जस्ता गैरसरकारी संस्थाहरु,
- RUPSON, Nepal Engineering Council, SONA जस्ता पेशागत निकायहरु,
- TDF जस्ता वित्तीय संस्था,
- UN-Habitat, GTZ/*Udle*, RUPP जस्ता अन्तरराष्ट्रिय दातृ निकायहरु

४. त्यस्तो परिमार्जित मस्यौदालाई पुन २०६३ मा तपसिल बमोजिमका ७ जना विशिष्ट विज्ञहरुको समूहबाट अध्ययन, छलफल गराई प्राप्त राय सुझावलाई थप समायोजन गरी प्रस्तुत राष्ट्रिय शहरी नीतिको मस्यौदा तयार गरिएको हो।

क) डा. पितामम्बर शर्मा, शहरी तथा क्षेत्रीय योजनाविद्
ख) श्री सोमलाल सुवेदी, सार्वजनिक प्रशासनविद्
ग) प्रा. श्री सूर्यमान शाक्य, वातावरणविद्
घ) डा. सुमित्रा मानन्धर (गुरुङ्ग), मानव वस्ती सम्बन्धी योजनाकार
ङ) श्री कमलराज पाण्डे, यातायात योजनाविद्
च) श्री उमेश बहादुर मल्ल, शहरी योजनाविद् र
छ) श्री धनराज ज्ञवाली, कानूनविद्

५. प्रस्तुत राष्ट्रिय शहरी नीतिको मस्यौदा विभागको आफ्नै स्रोत, साधन परिचालन गरी तयार गरिएको हो। यसको तर्जुमा प्रक्रियामा सहभागि भइ अमूल्य सुझाव दिनुहुने हरेक निकाय तथा व्यक्तित्वप्रति विभाग आभार प्रकट गर्दछ र यसलाई राष्ट्रव्यापीरुपमा कार्यान्वयन गर्न हरेक सम्बद्ध पक्षबाट सक्रीय सहयोगको अपेक्षा गर्दछ।

किशोर थापा
महानिर्देशक
शहरी विकास तथा भवन निर्माण विभाग।

# १. पृष्ठभूमि

## १.१ शहरीकरण र शहरी प्रणाली

नेपालमा अझै पनि शहरीकरणको प्रतिशत न्यून रहेको छ। सन् २००१ को तथ्याङ्क अनुसार नगरपालिकाहरुको जनसंख्याको आधारमा शहरी[1] जनसंख्या १४% रहेकोमा २०१५ सम्ममा यो संख्या १८% पुग्ने अनुमान गरिएको छ। नेपालको शहरी जनसंख्या मुख्य रुपमा ५८ वटा नगरपालिकामा रहेको पाइन्छ। कूल शहरी जनसंख्याको एक तिहाइ भाग (५०,००० भन्दा कम जनसंख्या भएका) ४२ वटा साना नगरपालिकाहरुमा केन्द्रित रहेको छ भने दुई तिहाई जनसंख्या १६ वटा ठूला नगरपालिकाहरुमा केन्द्रित रहेको पाइन्छ। शहरीकरणको क्रम भौगोलिक क्षेत्रसँगै फरक देखिन्छ। ४६ वटा नगरपालिकाहरु पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित छन् भने बाँकी १२ वटा नगरपालिका मध्य-पश्चिमाञ्चल र सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित छन्। धेरैजसो नगरपालिका तराईको समथर भाग र उपत्यकाहरुमा अवस्थित छन्।

ग्रामीण क्षेत्रमा आर्थिक अवसर तथा सेवा सुविधाहरुको कमी हुनु र शहरमा तुलनात्मक रुपमा रोजगारी तथा शिक्षाको अवसरको उपलब्धताले गर्दा नगरपालिकाहरुमा आन्तरिक बसाइ सराइ बढिरहेको छ। त्यस्तै केही समय अगाडिसम्म विद्यमान द्वन्दको कारणले पनि शहरी क्षेत्रमा भएको बसाइ सराइले शहरी जनसंख्या बढ्न गएको छ। सन् १९९१ देखि २००१ को बीचमा २० वटा नगरपालिकाहरुको जनसंख्या वृद्धिदर राष्ट्रिय औसत ३.५% भन्दा बढी भएको देखिएको छ। यसैगरी काठमाडौं उपत्यका सबै अवसरहरुको केन्द्र जस्तो हुन गएकाले काठमाडौं उपत्यकामा आन्तरिक बसाइ सराइ झनै तीव्र देखिएको छ। त्यस्तै विश्वव्यापी रुपमा देखिएको तुलनात्मक लाभका क्षेत्रमा लगानी गर्ने प्रवृत्तिको असर नेपालमा पनि देखिन थालेको छ। जसको फलस्वरुप परम्परागत कृषि पेशाबाट व्यक्तिहरु औद्योगिक, व्यापारिक वा पर्यटन जस्ता आर्थिक क्रियाकलापमा संलग्न हुने गरेको र ती कुराहरु शहर केन्द्रित हुने भएकोले पनि शहरी जनसंख्या बढिरहेको छ।

[1] यस नीतिमा "शहर" भन्नाले कम्तिमा पाँच हजार जनसंख्या, जनघनत्व कम्तिमा १० व्यक्ति प्रति हेक्टर, १० वर्षभन्दा माथिका कूल जनसंख्या मध्ये कम्तिमा ५० प्रतिशत जनसंख्या औद्योगिक, व्यापारिक तथा अन्य सेवा सुविधा जस्ता गैर कृषिक्षेत्रका आर्थिक क्रियाकलापमा आबद्ध रहेको र क्रमबद्ध रुपमा भौतिक विकास एवं विस्तार भएको बस्तीलाई जनाउँदछ। यस नीतिले गैर कृषि क्रियाकलापमा घरेलु कामकाजमा संलग्न गृहिणी, कामदारलाई पनि लिएको छ, तर आर्थिक उत्पादनमा प्रत्यक्ष संलग्न नभएका विद्यार्थी तथा बेरोजगार जनसंख्यालाई भने लिएको छैन। त्यस्तै नगरपालिका भन्नाले कानून बमोजिम घोषणा गरिएको कुनै शहरी क्षेत्र र त्यसको व्यवस्थापन सम्बन्धी संरचनालाई संझनु पर्छ।



शहरी जनसंख्यामा भएको यस्तो बृद्धिले शहरमा भौतिक पूर्वाधारको कमी, सरसफाइ तथा फोहरमैला व्यवस्थापन पद्धतिको अभाव, प्रदूषण, नदीनाला, वनजंगल एवं अन्य सार्वजनिक जग्गाको अतिक्रमण, कृषियोग्य जमिनको घट्दो क्रम, जथाभावी भइरहेको शहरी विस्तार वा अव्यवस्थित बसोबासको विस्तार जस्ता समस्याहरु सृजना भएका छन्। ५५% शहरी जनसंख्या फोहरमैला व्यवस्थापनको सुविधाबाट वञ्चित रहेको, ४६% जनसंख्या सरसफाइ-शौचालय जस्ता सुविधाबाट वञ्चित र ४७% जनसंख्या स्वच्छ खानेपानी सुविधाबाट वञ्चित रहेको पाइन्छ। गरीबी तथा सुकुम्वासी समस्या पनि नगरपालिका क्षेत्रमा बढ्दै गएको देखिन्छ। यस्ता समस्याहरु मूलतः उच्च जनसंख्या वृद्धि र त्यसलाई व्यवस्थित गर्न संस्थागत क्षमताको कमीले गर्दा सृजना भएको पाइन्छ। तथापि जनसहभागितामूलक जग्गा विकासका माध्यमबाट विशेष गरेर सन् १९९० को दशक देखि काठमाडौं उपत्यकामा भएका योजनाबद्ध आवासिय क्षेत्र तथा शहरी पूर्वाधारको विकासमा भएका योगदान र क्रमशः यस्तो पद्धतिको उपत्यका बाहिर पनि भइरहेको बिस्तारलाई उल्लेखनिय प्रयासको रुपमा लिन सकिन्छ। हालसम्म भएका बिभिन्न अध्ययनबाट २००१ देखि २०११ सम्ममा नगरपालिकाहरुमा आवश्यक सेवा सुविधा पुऱ्याउन करिब ८५ करोड अमेरिकी डलर लगानी गर्नु पर्ने देखिएको छ।

## १.२ राष्ट्रिय विकासमा शहरी क्षेत्रको भूमिका

शहरीकरण तथा आर्थिक विकासबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। ठूला

शहरहरुमा हुने यातायात सञ्जाल, सञ्चार सुबिधा र आवश्यक दक्ष जनशक्तिको उपलब्धताले गर्दा बहुराष्ट्रिय वा ठूला राष्ट्रिय लगानीकर्ताहरु शहर केन्द्रित हुने गरेका छन्। यसले शहरको आर्थिक क्रियाकलापलाई तत्काल र प्रत्यक्ष असर पार्ने निश्चित छ। यसले गर्दा ठूला शहरहरुमा रोजगारीको अवसर पनि बढ्दै गएको देखिन्छ। नवौं पञ्चवर्षीय योजनाको अन्तमा कूल गार्हस्थ्य उत्पादनमा गैर कृषि क्षेत्रको योगदान ६०.७% थियो भने कृषि क्षेत्रको योगदान ३९.३% रहेको थियो। राष्ट्रिय अर्थतन्त्रमा शहरी क्षेत्रको योगदान महत्वपूर्ण भएको तथ्य उपलब्ध तथ्याङ्कहरुबाट पनि सहजै अनुमान गर्न सकिन्छ। आ.ब. ०५८।५९ को कूल गार्हस्थ्य उत्पादनमा वित्तीय तथा घरजग्गा व्यवसायको योगदान १०.८%, व्यापार, होटल र रेस्टुरेन्ट १०%, यातायात र संचार ८.६%, निर्माण १०.५%, सामाजिक सेवा सुविधा १०.१% भएको देखिन्छ। हाल शहरी क्षेत्र तथा ग्रामीण क्षेत्रको प्रतिव्यक्ति औसत आय क्रमशः रु. ३२,५७३ र रु. १२,१२४ देखिन्छ।

## १.३ शहरी विकास सम्बन्धी नीतिहरु

विगतमा शहरीकरण सम्बन्धी एकीकृत नीति नभए पनि बिभिन्न योजना तथा कानूनको रुपमा शहरीकरणलाई सम्बोधन गर्ने नीतिगत व्यवस्थाहरु हुँदै नभएका भने होइनन्। यस्ता नीतिहरु मूलतः बिभिन्न पञ्चवर्षीय योजना अन्तर्गत आउने गरेका थिए। यस दिशामा पाँचौ वञ्चवर्षीय योजनालाई उल्लेखनीय रुपमा हेर्नुपर्ने हुन्छ। यसै योजनाबाट शहरी विकासको सन्दर्भमा छुट्टै नीतिको उल्लेख हुनुको साथै क्षेत्रीय विकास केन्द्रको अवधारणा पनि अघि सारिएको थियो। यसै क्रममा हाल दशौं पंचबर्षीय योजनाले क्षेत्रीय विकासमा जोड दिनुका साथै उत्तर-दक्षिण र पूर्व-पश्चिम राजमार्ग करिडोरलाई विकास रेखा (Growth Axis) को रुपमा प्रवर्द्धन गर्ने सोचाइ ल्याएको देखिन्छ। यसले शहरी विकास, आवास र भवन गरी तीन क्षेत्रगत कार्यक्रमहरुलाई जोड दिएको छ। त्यस्तै राष्ट्रिय आवास नीति, २०५३ ले आवास सम्बन्धमा उल्लेखनीय नीतिगत पहल गरेको देखिन्छ। यस नीतिले आवासलाई मानिसहरुको आधारभूत आवश्यकताको रुपमा चित्रण गर्नुका



साथै गरीवी निवारणमा सहायक सिद्ध हुने र आवासको अवस्थामा सुधार ल्याउन गैर सरकारी, समुदाय र निजी क्षेत्रको भूमिकाको पनि पहिचान गरेको छ। यस नीतिले सरकारको भूमिका सहयोगी र उत्प्रेरकको रुपमा रहने किटान गरेको छ। नगर विकास ऐन, २०४५ ले जग्गा विकास, नियोजित शहरी जग्गाको उपलव्धता र भौतिक पूर्वाधारको सुविधा सम्बन्धी व्यवस्थाको सूत्रपात गरेको देखिन्छ। त्यस्तै आवासको संयुक्त स्वामित्व सम्बन्धी ऐन, २०५४ ले उच्च जनघनत्व भएको शहरी स्वरुप निर्माणको लागि संयुक्त आवासको अवधारणा अघि सारेको छ। ईस्तान्बुलमा सम्पन्न HABITAT II सम्मेलनमा प्रस्तुत गरिएको राष्ट्रिय कार्य योजना, २०५३ ले आवास र शहरी विकास सम्बन्धी सरकारी दृष्टिकोणलाई प्रस्ट्याएको छ। यो योजनाले शहरी गरीवी घटाउने, रोजगारीको सृजना र स्थानीय स्वायत्त शासनमा जोड दिएको छ। २०५७ सालमा ल्याइएको निर्माण - संचालन - हस्तान्तरण नीतिले शहरी पूर्वाधार निर्माणमा लगानी गर्न सरकारी - निजी साझेदारीको अवधारणालाई अगाडि ल्याएको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि सेवा सुविधाहरुको प्रवाहमा प्रभावकारिता र नागरिकहरुको पहुँच र नागरिकहरुको जीवनस्तर उकास्नलाई स्थानीय निकायको भूमिकालाई परिभाषित गर्नुका साथै कर उठाउन र आफ्ना योजनाहरु तर्जुमा र कार्यान्वयन गर्न स्थानीय निकायलाई अधिकार सम्पन्न बनाएको छ।

## १.४ शहरीकरण सम्बन्धी प्रमुख सवालहरु

### *असन्तुलित शहरी स्वरुप*

विद्यमान राष्ट्रिय विकासको क्रमलाई हेर्दा धेरै असन्तुलन देखिन्छ। खास गरेर मध्य-पश्चिम, सुदूर-पश्चिम क्षेत्र र त्यसमा पनि पहाडी तथा हिमाली भागहरुको भौतिक, आर्थिक एवं मानवीय विकास अत्यन्त न्यून रहेको छ। आर्थिक गतिविधिहरु मुख्यतया काठमाडौं र यसका नजिक तथा व्यापारिक सम्बन्ध भएका तराई तथा उपत्यकामा अवस्थित केही ठूला नगरहरुमा मात्र केन्द्रित रहेको देखिन्छ। हालसम्म पनि शहरी आर्थिक गतिविधिहरु प्रायः धेरैजसो स्थानमा कृषि र शहरी सेवामा आधारित छन् तर औद्योगिक विकास

भने केही ठूला नगरहरु बाहेक अन्यमा प्रायः शून्य नै छ। साधन स्रोतको वितरण र परिचालन पनि प्रभावकारी नभएको देखिन्छ। ठूला शहरहरु र जनसंख्या वृद्धिदर उच्च भएका क्षेत्रहरु जस्तैः राजमार्गको छेउमा अवस्थित साना शहर, बजार केन्द्र, औद्योगिक क्षेत्र र घना वस्तीहरु पर्याप्त सेवा सुविधाहरुबाट वञ्चित भएका छन् र त्यहाँको प्राकृतिक सम्पदा र वातावरणमा पनि ह्रास आएको देखिन्छ।

*कमजोर शहरी-ग्रामीण सम्बन्ध*

राष्ट्रिय विकास नीतिमा हालसम्म पनि शहरी विकासले गरीवी निवारणमा सहयोग पुर्‍याउने कुरालाई जोड दिएको देखिदैन। खासगरी साना शहरहरुमा सरकारी र निजी क्षेत्रको लगानी न्यून भएकोले भौतिक पूर्वाधारहरुको यथोचित विकास नभएको र सो क्षेत्रमा आर्थिक गतिविधिहरु फस्टाउन सकेको देखिदैन। अतः वरिपरिका ग्रामीण क्षेत्रहरुमा शहरीकरणको सकारात्मक प्रभाव परेको छैन। सडक र संचार व्यवस्थाको कमीले गर्दा पनि शहर र ग्रामीण क्षेत्रहरुबीच व्यापारिक अन्तरसम्बन्ध वृद्धि हुन सकेको देखिदैन। पर्याप्त शहरी-ग्रामीण अन्तरसम्बन्धको विकास नगरी ग्रामीण विकासमा मात्र केन्द्रित रणनीतिले ग्रामीण क्षेत्रको विकास अपूरो हुने देखिन्छ।

*वातावरणीय ह्रास*

धेरैजसो शहरी क्षेत्रमा भौतिक पूर्वाधारहरुको कमी देखिन्छ। सडक सञ्जालको कमी, खानेपानीको कमी, स्वच्छ वातावरण र फोहरमैला व्यवस्थापनको समस्या, सार्वजनिक सरकारी जग्गा र नदी, वन जस्ता प्राकृतिक सम्पदाको अतिक्रमणका समस्याहरु सबैजसो शहरहरुमा रहेको देखिन्छ। जथाभावी भइरहेको शहरी विस्तारले शहर वरिपरिका कृषियोग्य जमिन नासिदै गइरहेको तथा कृषकहरु बेरोजगारी तर्फ धकेलिइरहेको अवस्था एवं रोजगारीको थलो र आवासबीचको बढ्दो दूरीको कारणले सिर्जित ट्राफिक तथा यातायातको समस्या धेरैजसो ठूला नगरपालिकाहरुमा पाइन्छ। न्यून आय भएका वर्गहरु



शहरी जग्गा र सेवा सुविधाबाट वञ्चित हुने क्रम र सुकुम्वासीको समस्या पनि बढ्दो रुपमा देखिन्छ।

*नीतिगत अस्पष्टता*

हाल स्थानीय विकास मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय र राष्ट्रिय योजना आयोग जस्ता निकायबाट शहरीकरण सम्बन्धी केन्द्रीय नीति वा कार्यक्रम तर्जुमा हुने गरेको छ। तर हालसम्म पनि स्थानीय स्वायत्त शासन ऐन र नगर विकास ऐन वा भौतिक योजना तथा निर्माण मन्त्रालयले ग्रहण गरिआएको शहरको परिभाषामै एकरुपता रहेको छैन। स्थानीय स्वायत्त शासन ऐनले नगरपालिका क्षेत्रलाई मात्र शहरको रुपमा स्वीकार गरेको छ तर शहरीकरणको अवस्था एउटास्तरमा पुगेपछि मात्र नगरपालिकाको घोषणा हुने भएकोले नगरपालिका घोषणा हुनुपूर्वको शहरीकरणको अवस्थालाई सम्बोधन गर्नु जरुरी हुन्छ। त्यसैले यस कुरालाई प्राथमिकताका साथ स्वीकार गर्न सकिएन भने भोलिको नगरपालिकाको शहरी स्वरुप अव्यवस्थित हुने निश्चित छ। त्यस्तै शहरी विकासको विषयलाई हेर्ने जिम्मेवार निकाय कुन हो, केन्द्रीय निकायको भूमिका कस्तो हुने हो र कुन स्थानीय निकायको कस्तो भूमिका हुने हो भन्ने कुरा स्पष्ट हुनु अत्यावश्यक छ। हालको जस्तो एउटा सानो शहरी केन्द्र वरिपरि रहेका ग्रामीण क्षेत्रहरुलाई समेत गाभी कानूनले तोकेको न्यूनतम जनसंख्या पुर्‍याई नगरपालिकाको घोषणा गर्ने त्यसपछिको शहरी विकासको सबै जिम्मेवारी सँस्थागत रुपमा अत्यन्त कमजोर नगरपालिकालाई सुम्पने हालको प्रचलनले भोलिको शहरी व्यवस्थापन प्रभावकारी नहुने देखिन्छ।

*शहरी गरीवी*

शहरी गरीवी, सुकुम्वासी र अव्यवस्थित बस्तीहरू बृद्धि भइरहेको देखिन्छ। उच्च मूल्यले गर्दा जग्गामा शहरी नागरिकहरूको घट्दो पहुँच, कृषि जमीनको

[२] गरीवी सूचकांकले १) निरक्षरता २) बाल कुपोषण ३) उच्च बाल मृत्यूदर ४) न्यूनतम स्वास्थ्य सुविधा ५) स्वच्छ खानेपानीको अपर्याप्ततालाई जनाउँछ।

विखण्डीकरणसंगै घट्दो स्वरोजगारका अवसर तथा पोषणयुक्त खानाको कमी, अपर्याप्त रोजगारीका अवसरहरू, बसाइ सराइको चाप आदि शहरी गरीबीका परिचायक हुन । उपलब्ध तथ्यले शहरी गरीवी उल्लेखनीय देखिन्छ । सन् २००१ मा ग्रामीण क्षेत्रको ४२.० को तुलनामा शहरको मानवीय गरिवी सूचकांक २५.२[२] रहेको देखिन्छ (नेपाल मानवीय विकास प्रतिवेदन २००४) । काठमाडौं उपत्यका बाहिरका २३% शहरी जनसंख्याले आवश्यकता भन्दा कम खाने महसुस गरेको (NLSS 2004) र १० वर्ष र सो भन्दा बढी उमेरका ४८% जनसंख्या आर्थिक दृष्टिकोणबाट निष्क्रिय रहेको देखिन्छ (CBS 2003)[३] । तथापि समाजिक क्षेत्रको विकासमा केही आश लाग्दो प्रगति देखिए तापनि नगरपालिकाहरूमा सेवा सुविधीहरूको वितरणमा असमानता र परिवारको आम्दानी पनि धेरैजसो न्यून रहेको देखिन्छ ।

***नगरपालिकाहरूको कमजोर संस्थागत क्षमता***

शहरी विकासका सबै विषयको जिम्मेवारी दिइएका नगरपालिकाहरुको विद्यमान क्षमताले ती जिम्मेवारी वहन गर्न सक्ने स्थिति छैन । धेरैजसो साना नगरपालिकाहरुमा आधारभूत सेवा सुविधाहरुको कमीले गर्दा गाउँकै जस्तो अवस्था रहेको छ भने धेरैको आर्थिक एवं संस्थागत क्षमताको कमीले गर्दा शहरीकरणको चापलाई धान्न नसक्ने अवस्था देखिन्छ । कानूनी रुपमा नगरपालिकाहरु तुलनात्मक रुपमा अधिकार सम्पन्न भए पनि तिनीहरुको प्रशासनिक, प्राविधिक एवं वित्तीय क्षमता अत्यन्त कमजोर रहेको र भएकै मानव संसाधन दक्ष र तालिम प्राप्त नभएको हुँदा स्थानीय स्वायत्त शासन ऐनले परिकल्पना गरेको शहरी व्यवस्थापन ती नगरपालिकाहरुबाट हुन नसकिरहेको स्थिति विद्यमान छ ।

---

[३] हालै गठन भएको लेखनाथ न.पा.का केही वडामा ६ वर्ष भन्दा माथिको उमेरमा साक्षरता दर ८३.५४% र १५ वर्षभन्दा माथिका उमेरमा ७६.३५% रहेको देखिन्छ । १५ मध्ये ३ वटा वडामा ६ वर्ष भन्दा माथिको उमेरमा साक्षरता दर ३२.९६% र १५ वर्ष भन्दा माथिकोमा ३०.१३% रहेको देखिन्छ ( कास्की शैक्षिक दर्पण २००४) । न.पा.मा एउटा पनि अस्पताल छैन । त्यस्तै भएको एउटा प्राथमिक स्वास्थ्य केन्द्रमा पनि एक जना चिकित्सकले ४२ हजार न.पा.को जनसंख्यालाई सेवा दिनु पर्ने अवस्था रहेको छ ।



## १.५ राष्ट्रिय शहरी नीतिको आवश्यकता

माथि उल्लेख गरिए बमोजिम विगतमा पनि बिभिन्न सरकारी नीति तथा कार्यक्रमहरु मार्फत शहरी विकासका विषयहरुलाई सम्बोधन गर्न खोजिए पनि त्यस्ता नीति वा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकायको स्पष्ट पहिचान नहुनु, ती नीतिहरुले शहरी विकासका सबै पक्षलाई समेट्न नसक्नु, त्यस्ता नीति कार्यान्वयनका लागि साधन र स्रोतको पहिचान तथा परिचालनको प्रभावकारी संयन्त्र नहुनु र यसले गर्दा बिभिन्न दातृ निकायबाट हुने सहयोगलाई पनि समन्वयात्मक रुपमा सम्बन्धित क्षेत्रमा परिचालन गर्न नसक्नु जस्ता समस्याहरुको कारण ती नीति तथा कार्यक्रमबाट अपेक्षित परिणाम हासिल हुन सकेको छैन । यस बाहेक हालसम्म एकीकृत रुपमा शहरी विकासको विषयलाई हेर्ने राष्ट्रिय दृष्टिकोण निर्माण हुन सकेन । त्यस्तै स्थानीय स्वायत्त शासन ऐनले आफ्नो क्षेत्रको लागि शहरी योजना तर्जुमा र कार्यान्वयन गर्न सक्ने गरी स्थानीय निकायलाई अधिकार प्रदान गरे पनि प्रथमतः ती निकायको संस्थागत क्षमताको अभावमा तिनीहरुले अपेक्षित भूमिका निर्वाह गर्न सकेनन् भने दोस्रो स्थानीय निकाय र शहरी विकासको क्षेत्रमा कार्यरत अन्य निकायकाबीच आवश्यक समन्वय हुन सकेन । यसो हुनुमा शहरी विकासका के कस्ता विषयहरुमा केन्द्रीय निकायको भूमिका हुनुपर्ने हो, के कस्ता विषयमा केन्द्रीय निकाय र स्थानीय निकायकाबीच सहकार्य र समन्वय हुनु पर्ने हो र के कस्ता विषय स्थानीय निकाय आफैले गर्न सक्ने हो भन्ने कुराको स्पष्ट पहिचान हुन सकेको छैन । त्यसैले शहरी विकासका सबै विषयहरुलाई एकीकृत रुपमा राखी ती विषयहरु कार्यान्वयन गर्ने निकाय तथा तिनीहरुको भूमिकालाई स्पष्ट गर्दै आवश्यक साधन, स्रोत तथा सार्वजनिक र निजी क्षेत्रबाट हुने लगानीलाई नीतिबाट निर्दिष्ट गरिएका कार्यनीतिहरुको कार्यान्वयनको लागि के कसरी परिचालन गर्ने भन्ने कुरा स्पष्ट गर्ने उद्देश्यले प्रस्तुत राष्ट्रिय शहरी नीति तर्जुमा गरिएको हो ।

## १.६ राष्ट्रिय शहरी नीतिको सारतत्त्व

शहरीकरणका क्रियाकलापहरुलाई नियोजित गर्ने, शहरी वातावरणको सरंक्षणमा उचित ध्यान दिने र शहरी बिकासका क्षेत्रमा केन्द्रीय र स्थानीय रुपमा क्रियाशील निकायको भूमिका स्पष्ट गर्ने गरी यस नीति अन्तर्गत मूलत: तीनवटा उद्देश्यहरु (१) सन्तुलित राष्ट्रिय शहरी स्वरुप (२) स्वच्छ तथा समृद्ध शहरी वातावरण र (३) प्रभावकारी शहरी व्यवस्थापन राखिएको छ। यी तीनवटै उद्देश्यको समायोजित अभिव्यक्ति अर्थात **दिगो शहरीकरणको** माध्यमद्वारा हरेक बिकास क्षेत्रलाई आत्मनिर्भर बनाउदै गरीबी निवारणमा योगदान पुऱ्याउनु नै यस नीतिको दीर्घकालीन सोच हो। यस नीतिमा उपर्युक्त बमोजिमका तीनवटा उद्देश्यलाई परिपूर्ति गर्ने गरी छुट्टा छुट्टै रणनीति र प्रत्येक रणनीति अन्तर्गत नीति तथा कार्यनीतिहरु प्रस्ताव गरिएको छ।

सन्तुलित राष्ट्रिय शहरी स्वरुप सम्बन्धी उद्देश्य पूरा गर्नका लागि हरेक विकास क्षेत्रमा सुनियोजित शहरी प्रणाली बिकास गरी यसलाई आफैमा आत्मनिर्भर बनाउने रणनीति प्रस्ताव गरिएको छ। सोको लागि हरेक विकास क्षेत्रमा सेवा सुबिधाको बितरण, हिमाल र तराई बीच ब्यापारमा बृद्धि तथा पर्यटन क्षेत्रको विस्तार गर्न उत्तर–दक्षिण करिडोरको विकास गर्ने र औद्योगिक एवं उपभोग्य बस्तु, बिशिष्ट सेवाको निर्यात प्रवर्धन गर्ने कमसेकम एउटा ठूलो शहरी एवं आर्थिक केन्द्रको विकास गर्दै अन्य मध्यमस्तर एवं स-साना शहरी केन्द्रलाई त्यससंग तथा एक आपसमा सडक लगायतका भौतिक पूर्वाधारबाट अन्तरसम्बन्धित गराउने नीति लीइएको छ। साथै क्षेत्रीय आर्थिक केन्द्रमा ठूला र मध्यम शहरी केन्द्रमा साना एवं मध्यमस्तरका औद्योगिक क्रियाकलापलाई बढावा दिदै सो क्षेत्रका आर्थिक क्रियाकलापलाई एक अर्काको पूरकको रुपमा सञ्चालन गरी सो क्षेत्रलाई आत्मनिर्भर बनाउने नीति अघि सारिएको छ। सरकारी वा निजी क्षेत्रबाट हुने कुनै पनि लगानीलाई यी नीतिहरु परिपूर्ति हुने किसिमले लगानी गर्न प्रोत्साहित गर्ने एवं यसमा बिशेष गरेर निजी लगानीलाई प्रोत्साहित गर्ने नीति तथा कार्यनीति प्रस्ताव



गरिएको छ। काठमाडौं उपत्यकालाई एउटा साँस्कृतिक, पर्यटकीय र राजधानी शहरको रुपमा संरक्षण र विकास गर्ने सोचसंग मेल नखाने कुनै पनि भौतिक विकास वा आर्थिक क्रियाकलापहरु अन्य बिकास केन्द्रहरुमा स्थानान्तरण गर्ने कुरामा जोड दिइएको छ।

स्वच्छ एवं समृद्ध शहरी वातावरण सृजना गर्ने उद्देश्य अन्तर्गत शहरीकरणका क्रियाकलापहरुलाई क्षेत्रीय सोच राखी स्थानीय तहमा त्यहाँका साँस्कृतिक एवं प्राकृतिक सम्पदाहरुको सरंक्षण गर्दै योजनाबद्ध रुपमा सञ्चालन गर्ने, शहरी सरसफाइ एवं जनस्वास्थ्यलाई उचित ध्यान दिने, प्राकृतिक प्रकोपको प्रभावलाई न्यूनीकरण गर्ने, वातावरणीय रुपमा कम हानिकारक शहरी यातायात प्रणालीलाई प्रोत्साहन गर्ने नीति लिइएको छ। स्थानीय संभाब्यता र अवसरहरुमा आधारित विविध आर्थिक क्रियाकलापहरुलाई प्रोत्साहन गर्ने, शहरी पूर्वाधार सेवा सुविधा तथा अन्य अवसरहरुमा न्यून आय वर्गको पहुँचलाई बृद्धि गर्ने र न्यून आय वर्गको आर्थिक अवसरहरुमा सुधार ल्याउन असंगठित तथा अनौपचारिक क्षेत्रमा भइरहेको आर्थिक क्रियाकलापहरुको महत्वलाई स्वीकार गर्दै उचित व्यवस्थापन गर्ने रणनीति तथा नीतिहरु प्रस्तावित गरिएको छ।

प्रभावकारी शहरी व्यवस्थापन सम्बन्धी उद्देश्य परिपूर्तिका लागि भौतिक विकास योजना तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको विषयलाई कानूनी दायरामा ल्याई सम्बद्ध निकाय तथा तिनीहरुको दायित्वको पहिचान गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को भावना, स्थानीय स्वायत्तता र निक्षेपणको मर्मलाई ध्यान दिइ भौतिक विकास योजना ऐनको तर्जुमा गर्ने कुरालाई महत्वपूर्ण नीति तथा कार्यनीतिको रुपमा अघि सारिएको छ। सो रणनीति अन्तर्गत स्थानीय निकायमा शहरी विकास सम्बन्धी योजना तर्जुमा गर्ने कुरालाई अनिवार्य बनाउदै तदनुरुपको सँस्थागत क्षमताको विकास गर्ने, शहरी योजनाको तर्जुमा, स्वीकृति र कार्यान्वयनको अनुगमनको लागि छुट्टै कानुनी ब्यवस्था गरी केन्द्रीय र क्षेत्रीयस्तरमा आवश्यक संयन्त्रको स्थापना गर्ने, निश्चित भौतिक क्षमता तथा शहरीकरणका चरित्रहरु भएको क्षेत्रलाई

मात्र नगरपालिका घोषणा गर्ने र नगरपालिकालाई शहरीकरणका क्रियाकलाप सम्बन्धमा मुख्य जिम्मेवार निकाय बनाउने जस्ता नीति तथा कार्यनीतिहरु प्रस्ताव गरिएको छ।

समग्रमा यस नीतिले शहरीकरणको क्षेत्रमा जिम्मेवार निकायहरुको पहिचान गरी भौतिक विकासका क्रियाकलापहरुलाई योजनाबद्ध रुपमा सञ्चालन हुनुपर्ने कुरालाई कानूनी रुपमा अनिवार्य गर्दै त्यस्तो भौतिक विकास योजनाबाट व्यवस्थित बसोबास, स्वच्छ शहरी वातावरण, व्यवस्थित यातायात प्रणाली, प्राकृतिक प्रकोप व्यवस्थापन, आर्थिक विकास र शहरी गरीबी निवारण, शहरी पूर्वाधारको लागि लगानीका विविध क्षेत्रको परिचालन जस्ता विषयहरुलाई समेट्दै दिगो शहरीकरण हासिल गर्ने कुरालाई अघि सारेको छ।

## २. उद्देश्य

२.१ पूर्वाधार सेवाहरुको विकास र लगानीलाई निर्देशित गर्दै सन्तुलित राष्ट्रिय शहरी स्वरुप[४]३ हासिल गर्ने।

२.२ स्वच्छ, सुरक्षित र समृद्ध शहरी वातावरणको सृजनाद्वारा शहरी वासिन्दाहरुको जीवनस्तरमा सुधार ल्याउने।

२.३ स्थानीय निकायलाई कानूनी रुपमा अधिकार सम्पन्न र संस्थागत रुपमा सक्षम बनाउँदै शहरी विकासमा क्रियाशील निकायहरु बीचको समन्वय र क्षमता अभिबृद्धि गरी शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउने।

[४] सन्तुलित राष्ट्रिय शहरी स्वरुप भन्नाले समानुपातिक रुपमा हरेक विकास क्षेत्रमा व्यवस्थित शहरी विकास भएको अवस्थालाई जनाउँछ। सन्तुलित राष्ट्रिय शहरी स्वरुप अन्तर्गत हरेक विकास क्षेत्रमा औद्योगिक र व्यापारिक क्रियाकलापयुक्त कम्तीमा एउटा क्षेत्रीय शहरी केन्द्र रहने छ र त्यस्तो केन्द्र सो विकास क्षेत्रभित्रका मध्यमस्तरका शहरी केन्द्रहरुसँग सडक तथा सञ्चार सम्पर्कबाट जोडिई औद्योगिक र व्यापारिक रुपमा अन्तरसम्बन्धित भएको हुनेछ। यसबाट सो विकास क्षेत्र एउटा आत्मनिर्भर विकास क्षेत्रको रुपमा विकसित हुनेछ।



## ३. रणनीति

३.१ <u>उद्देश्य २.१ (सन्तुलित राष्ट्रिय शहरी स्वरुप) प्राप्त गर्ने रणनीति :</u>

३.१.१. उद्योग व्यवसायको स्थापना गर्दा तथा भौतिक पूर्वाधारको बिकासमा लगानी गर्दा पिछडिएको विकास क्षेत्रलाई प्राथमिकता दिने।

३.१.२ उद्योगको प्रकृतिको आधारमा उपयुक्त स्थानमा उद्योगको स्थापना गर्ने।

३.१.३ तराई तथा हिमाली क्षेत्रकाबीचको अन्तरसम्बन्ध सुदृढ गर्दै उत्तर-दक्षिण करिडोरको विकास गर्ने।

३.१.४ हरेक विकास क्षेत्रमा औद्योगिक र व्यापारिक क्रियाकलाप तथा सामाजिक संरचनालाई मजबुत तुल्याउन आवश्यक पूर्वाधारको विकास गरी क्षेत्रीय आर्थिक केन्द्रको विकास गर्ने।

३.१.५ पूर्व–पश्चिम तथा उत्तर–दक्षिण राजमार्ग छेउँमा द्रुततर रुपमा विकसित हुँदै गरेका शहरी केन्द्रहरुलाई मध्यमस्तरका शहरी केन्द्रहरुको रुपमा विकास गर्ने।

३.१.६ पूर्वाधार सेवाहरुमा निजी लगानी तथा निजी–सरकारी साझेदारीलाई प्रोत्साहन गर्दै आवश्यकता अनुरुप बैदेशिक लगानीलाई आकर्षण गर्ने।

३.१.७ काठमाडौं उपत्यकालाई प्राकृतिक, साँस्कृतिक, पर्यटकीय, र राजनीतिक राजधानी शहरको रुपमा संरक्षण र विकास गर्ने र यो सोँच सँग मेल नखाने विकासका क्रियाकलापहरुलाई उपत्यका बाहिरका शहरी केन्द्रहरुमा प्रोत्साहित गर्ने।

३.१.८ नगरोन्मुख ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास एवं सामाजिक सेवामा सम्बद्ध निकायहरु बीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यमबाट शहर-ग्रामीण अन्तरसम्बन्धलाई अभिवृद्धि एवं सुदृढ गर्ने।

३.२ <u>उद्देश्य २.२ (स्वच्छ एवं समृद्ध शहरी वातावरण) प्राप्त गर्ने रणनीति :</u>

३.२.१ स्थानीय निकायहरुलाई योजनाबद्ध शहरी पूर्वाधार एवं सेवा सुविधाको विकासमा

आवश्यक सहयोग तथा प्रोत्साहन गर्दै ती निकायहरुका शहरी क्रियाकलापलाई स्वीकृत आवाधिक र बार्षिक योजना बमोजिम सञ्चालन गर्न प्रोत्साहन तथा निर्देशित गर्ने।

३.२.२ शहरी पूर्वाधार सेवाहरुको विकासका लागि विविध वित्तीय स्रोतको पहिचान गरी सो को प्रयोग गर्ने।

३.२.३ सार्वजनिक यातायातमा वातावरणीय रुपमा कम हानीकारक प्रणाली तथा साधनहरुलाई प्रोत्साहन दिने।

३.२.४ शहरी क्रियाकलाप सञ्चालन गर्दा शहरका साँस्कृतिक, पुरातात्विक तथा सामाजिक विशेषताहरुको संरक्षणमा विशेष योगदान दिने।

३.२.५ घर जग्गाको आपूर्तिमा आर्थिक रुपमा पिछडिएको वर्गको समेत पहुँच हुने गरी सुलभ घर जग्गाको आपूर्ति व्यवस्था विकास गर्ने।

३.२.६ प्राकृतिक स्रोत तथा परम्परागत भौतिक संरचनाको संरक्षण र सो को दिगो प्रयोगद्धारा सन्तुलित नगर तथा टोलको विकास गर्ने।

३.२.७ शहरी क्रियाकलापको सञ्चालन तथा प्राकृतिक स्रोतको परिचालनमा वातावरण संरक्षणको विषयलाई प्राथमिकता दिई स्वस्थ शहरको विकास गर्ने।

३.२.८ प्राकृतिक स्रोतमा भइरहेको ह्रासलाई रोक्न एवं पूर्वाधार सेवामा हुने लगानीलाई कम गर्न छरिएर हुने (scattered) बस्ती विकासलाई निरुत्साहित गर्दै पूर्वाधार सेवासम्पन्न घना नगर तथा वस्तीको विकासलाई प्रोत्साहन गर्ने।

३.२.९ संभावित प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न स्थानीय निकायहरुले प्राकृतिक प्रकोप व्यवस्थापन योजना (Disaster management plan) बनाई लागू गर्ने पद्धति स्थापित गर्ने।

३.२.१० स्थानीय संभाव्यता र अवसरहरुमा आधारित आर्थिक विकासका विविध क्रियाकलापहरुलाई प्रोत्साहन गरी रोजगारीका अवसरहरु सृजना गर्ने।

३.२.११ अनौपचारिक क्षेत्रमा भइरहेका आर्थिक क्रियाकलाप एवं रोजगारीलाई शहरको आर्थिक विकासमा आबद्ध गराउने।



३.३ <u>उद्देश्य २.३ (प्रभावकारी शहरी व्यवस्थापन) प्राप्त गर्ने रणनीति</u> :

३.३.१ स्थानीय निकायहरुलाई शहरी योजना कार्यान्वयन गर्ने प्रमुख निकायको रुपमा विकास गर्ने र तिनीहरुको संस्थागत क्षमतालाई सुदृढ गर्ने।

३.३.२ शहरी योजना तर्जुमा तथा कार्यान्वयनमा सम्बद्ध केन्द्रीय सरकारी निकायहरुको क्षमता अभिवृद्धि गर्ने।

३.३.३ भौगोलिक निकटता, एकै प्रकारको प्राकृतिक तथा भौतिक स्रोत एवं अन्य क्रियाकलापमा एकअर्कासँग प्रत्यक्षत: सम्बन्धित रहेका शहरी केन्द्रहरुका बीचमा एकीकृत एवं सामूहिक दृष्टिकोणमा आधारित स्थानीय शहरी व्यवस्थापनको विकास गर्ने।

३.३.४ एकीकृत शहरी योजना निर्माण तथा अनुगमन प्रकृया अवलम्बन गर्न आवश्यक कानूनी तथा संस्थागत संयन्त्रको निर्माण गर्ने।

३.३.५ गैर कृषि आर्थिक क्रियाकलापमा निर्भर निश्चित भौतिक पूर्वाधार तथा संस्थागत क्षमता भएको शहरी केन्द्रलाई मात्र नगरपालिका घोषणा गर्ने परिपाटिको थालनी गर्ने।

## ४. नीति तथा कार्यनीति

### ४.१ <u>सन्तुलित राष्ट्रिय स्वरुप सम्बन्धी</u>

४.१.१ <u>रणनीति ३.१.१ सँग सम्बन्धित</u> (उद्योग व्यवसायको स्थापना गर्दा तथा भौतिक पूर्वाधारको बिकासमा लगानी गर्दा पिछडिएको बिकास क्षेत्रलाई प्राथमिकता दिने) :

(क) बिद्यमान गरीबीको सूचकको आधारमा पिछडिएको बिकास क्षेत्रलाई बर्गीकरण गरी औद्योगिक क्रियाकलाप तथा भौतिक पूर्बाधार बिकासलाई निर्देशित गर्ने।

(ख) निर्धारित पिछडिएको क्षेत्रमा स्थापना हुने उद्योग व्यवसायहरुलाई

विशेष सुविधा एवं सहुलियत प्रदान गर्ने।

४.१.२ **रणनीति ३.१.२ सँग सम्बन्धित** (उद्योगको प्रकृतिको आधारमा उपयुक्त स्थानमा उद्योगको स्थापना गर्ने) :

(क) क्षेत्रीय आर्थिक केन्द्रहरुमा ठूला उद्योगहरुको स्थापनामा जोड दिने।

(ख) मध्यमस्तरको शहरी केन्द्रमा साना र मझौला प्रकृतिका उद्योगहरुको स्थापना र विकासलाई प्रोत्साहित गर्ने।

(ग) शहरी भू-उपयोग योजना तर्जुमा गरी तदनुरुप निर्दिष्ट गरीएको स्थानमा औद्योगिक स्थल तथा औद्योगिक व्यवसाय केन्द्रहरुलाई व्यवस्थित गर्ने।

४.१.३ **रणनीति ३.१.३ सँग सम्बन्धित** (तराई तथा हिमाली क्षेत्रकाबीचको अन्तरसम्बन्ध सुदृढ गर्दै उत्तर-दक्षिण करिडोरको[५] विकास गर्ने) :

(क) हरेक विकास क्षेत्रका हिमाली र पहाडी भागका मुख्य मुख्य बजार केन्द्रहरुलाई तराईको मुख्य शहरसंग जोड्ने उत्तर-दक्षिण करिडोर४विकास गर्ने।

(ख) भारत र चीनको औद्योगिक तथा व्यापारिक केन्द्रहरुलाई जोड्ने उत्तर दक्षिण करिडोरलाई प्राथमिकता दिने।

(ग) भौतिक पूर्वाधारको विकास तथा जग्गाको उपलब्धतामा सरकारी लगानी प्रवाहित गरी यस कार्यमा निजी क्षेत्रको लगानीलाई समेत आकर्षित गर्ने।

(घ) सार्वजनिक तथा नजी लगानीलाई संभाव्य उत्तर–दक्षिण करिडोरको

[५] प्रस्तावित उत्तर-दक्षिण करिडोर:: (क) जोगवनी-विराटनगर-धरान-धनकुटा-खाँदवारी-किमाथाँका-रियु (पूर्वाञ्चल) (ख) रक्सौल-विरगञ्ज-हेटौडा-नारायणघाट-काठमाडौं-तातोपानी-खासा (मध्यमाञ्चल) (ग) नौतनवा-सिद्धार्थनगर-बुटवल-तानसेन-पोखरा-बाग्लुङ-बेनी-जोमसोम-लोमान थाङ-लिजी (पश्चिमाञ्चल) (घ) रुपईडिया-नेपालगञ्ज-विरेन्द्रनगर-दैलेख-मान्मा-सिमिकोट-हिल्सा-ताक्लाकोट (मध्यपश्चिमाञ्चल) (ङ) गौरीफन्टा-धनगढी-डडेलधुरा-बैतडी-दार्चुला-टिंकर-लिपुलेक-ताक्लाकोट (सुदूर-पश्चिमाञ्चल) (साभार: बुद्धिनारायण श्रेष्ठ, कान्तिपुर जुन २३, २००४)



विकासमा समन्वयात्मक रुपमा परिचालन गर्ने र यस कार्यमा अवस्थानुसार जग्गा विकास जस्ता कार्यक्रमहरुलाई पनि समावेश गरी कार्यान्वयन गर्ने।

४.१.४ **रणनीति ३.१.४ सँग सम्बन्धित** (हरेक विकास क्षेत्रमा औद्योगिक र व्यापारिक क्रियाकलाप तथा सामाजिक संरचनालाई मजबुत तुल्याउन आवश्यक पूर्वाधारको विकास गरी क्षेत्रीय आर्थिक केन्द्रको विकास गर्ने) :

(क) हरेक विकास क्षेत्रहरुमा क्षेत्रीय आवश्यकता परिपूर्ति गर्ने तथा निर्यात प्रवर्द्धन गर्ने ठूला औद्योगिक र व्यापारिक गतिविधियुक्त क्षेत्रीय आर्थिक केन्द्रहरु[६] त्यहाँको आवाधिक योजनाको दीर्घकालीन सोचसँग तादात्म्य मिलाउदै २० वर्षको योजना अवधि सम्ममा विकास गर्ने।

(ख) यातायात सुविधा र आर्थिक क्रियाकलापका आधारहरु स्थापित भएका बढी भन्दा बढी अन्य शहरी केन्द्रहरुलाई प्रभाव पार्ने शहरी क्षेत्रलाई क्षेत्रीय आर्थिक केन्द्रको रुपमा विकास गर्ने।

(ग) भौतिक पूर्वाधारको विकास र औद्योगिक विकासको लागि गरिने लगानीलाई क्षेत्रीय आर्थिक केन्द्रमा प्राथमिकताका साथ प्रवाह गर्ने।

(घ) शहरी केन्द्रहरुको अन्तरनिर्भरता अभिबृद्धि गर्ने किसिमका क्रियाकलापमा सार्वजनिक वा निजी लगानीलाई प्रोत्साहित गर्ने।

(ङ) सरलीकृत औद्योगिक अनुमतिपत्रको व्यवस्था, प्राथमिकता प्राप्त क्षेत्रमा हुने लगानीमा उपयुक्त राजस्व नीति तथा सरल वित्तीय स्रोतको उपलब्धता, निर्यात प्रशोधन क्षेत्र तथा विशेष आर्थिक क्षेत्र

[६] सम्भावित क्षेत्रीय आर्थिक केन्द्रहरु: (क) विराटनगर (पूर्वाञ्चल) (ख) विरगञ्ज (मध्यमाञ्चल) (ग) बुटवल (पश्चिमाञ्चल) (घ) नेपालगञ्ज (मध्य- पश्चिमाञ्चल) (ङ) धनगढी (सुदूर- पश्चिमाञ्चल)

जस्ता निर्यात प्रवर्द्धन केन्द्रको स्थापना गर्ने कुराहरुमा सरकारी क्षेत्रको भूमिका केन्द्रित गर्ने।

(घ) व्यवस्थित बसोबासका लागि साना वा मझौला आकारका जग्गा विकास कार्यक्रमलाई प्रोत्साहन दिने।

४.१.५ **रणनीति ३.१.५ सँग सम्बन्धित** (पूर्व–पश्चिम तथा उत्तर–दक्षिण राजमार्ग छेउँमा द्रुततर रुपमा विकसित हुँदै गरेका शहरी केन्द्रहरुलाई मध्यमस्तरका शहरी केन्द्रहरुको रुपमा विकास गर्ने) :

(क) राजमार्गको किनारामै हुने बस्ती विकासलाई निरुत्साहित गरी सो सडकसँग पहुँच भएको ठाउँमा त्यस्तो बस्ती विकासलाई प्रोत्साहन गर्ने।

(ख) मध्यमस्तरको शहरी केन्द्रलाई सडक यातायात तथा अन्य आर्थिक व्यापारिक क्रियाकलापमा क्षेत्रीय आर्थिक केन्द्रसँग आवद्ध गर्ने।

(ग) यस्ता शहरी केन्द्रहरुमा हुने सार्वजनिक वा निजी लगानीलाई आवश्यक पूर्वाधारको विकास तथा सो स्थानको लागि उपयुक्त देखिएका आर्थिक तथा व्यापारिक क्रियाकलापको अभिवृद्घि हुने गरी प्रवाहित गर्ने।

४.१.६ **रणनीति ३.१.६ सँग सम्बन्धित** (पूर्वाधार सेवाहरुमा निजी लगानी तथा निजी सरकारी साझेदारीलाई प्रोत्साहन गर्दै आवश्यकता अनुरुप बैदेशीक लगानीलाई आकर्षण गर्ने) :

(क) पूर्वाधार सेवाको विकास गर्दा सार्वजनिक वा निजी वा दुबै क्षेत्रबाट लगानीका लागि उपयुक्त पूर्वाधार आयोजनाको पहिचान गरी तदनुरुप लगानीलाई प्राथमिकता दिने।

(ख) सार्वजनिक-निजी वा निजी लगानीका नयाँ विधिहरुको पहिचान तथा कार्यान्वयन गर्ने।



(ग) सार्वजनिक-निजी वा निजी लगानीका लागि सरल तथा सुबिधायुक्त वित्तीय स्रोतको व्यवस्था गर्ने र वित्तीय स्रोतलाई विविधीकरण गर्ने।

(घ) सडक, खानेपानी, ढल जस्ता आधारभूत पूर्वाधार सेवामा हुने निजी लगानीलाई विशेष प्रोत्साहन दिन उपयुक्त राजस्व नीतिको व्यवस्था गर्ने।

(ङ) निजी लगानीकर्ताको भौतिक सुरक्षा वा लगानी सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने।

(च) ठूला र प्रविधियुक्त भौतिक पूर्वाधारको बिकासमा प्रविधि हस्तान्तरणलाई सुनिश्चित गर्दै बैदेशिक लगानीलाई आकर्षण गर्ने।

४.१.७ **रणनीति ३.१.७ सँग सम्बन्धित** (काठमाडौं उपत्यकालाई प्राकृतिक, साँस्कृतिक,पर्यटकीय, र राजनीतिक राजधानी शहरको रुपमा संरक्षण र विकास गर्ने र यो सोचसंग मेल नखाने विकासका क्रियाकलापहरुलाई उपत्यका बाहिरका शहरी केन्द्रहरुमा प्रोत्साहित गर्ने) :

(क) काठमाडौं उपत्यकालाई एउटै योजना इकाइको रुपमा व्यवस्थापन गर्न र सरकारी, स्थानीय निकाय वा निजी क्षेत्रबाट गरिने योजनाहरुबीच समन्वय हुन तथा योजनाको तर्जुमा, स्वीकृति तथा अनुगमन प्रकृयालाई व्यवस्थित गर्न काठमाडौं उपत्यका शहरी विकास ऐन बनाइ लागू गर्ने र सोही कानूनद्वारा काठमाडौं उपत्यका शहरी विकास परिषदको स्थापना गर्ने।

(ख) काठमाडौं उपत्यकामा भइरहेको शहरीकरणलाई व्यवस्थित गर्न एउटै एकीकृत क्षेत्रीय योजनाको अधीनमा रही स्थानीय भौतिक योजनाको तर्जुमा गर्नुको साथै भौतिक विकासका क्रियाकलाप सञ्चालन गर्ने र सो को निमित्त काठमाडौं उपत्यकाको स्वीकृत दीर्घकालीन विकास अवधारणाको कार्यान्वयन गर्ने।

(ग) काठमाडौं उपत्यकाभित्र रहेका प्राकृतिक स्रोत जस्तै कृषि जमीन, नदीनाला, जलाधार क्षेत्र, वनको संरक्षण तथा त्यसको दिगो उपयोग गर्ने ।

(घ) काठमाडौं उपत्यकामा रहेका सांस्कृतिक महत्वका भौतिक संरचनाको संरक्षण र सम्बर्द्धन हुने किसिमका परम्परागत सीप, शैली र अभ्यासहरुलाई संरक्षण तथा विकास गर्ने र त्यस्तो कार्यमा नीजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने ।

(ङ) साँस्कृतिक सम्पदाको संरक्षण हुने गरी भौतिक विकास गर्दा निजी क्षेत्रलाई प्रत्यक्ष पर्न जाने नोक्सानीको परिपूर्ति हुन सक्ने वैकल्पिक उपायहरुको (transfer of development rights) अवलम्बन गर्ने ।

(च) साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन हुने गरी विशेष कार्यक्रम सञ्चालन गर्ने, स्थानीय निकायलाई स्थानीय वित्त परिचालनको नयाँ क्षेत्र उपलब्ध गराउने वा थप केन्द्रीय योगदान दिने ।

(छ) साँस्कृतिक सम्पदाको उपयोगबाट प्राप्त हुने लाभ स्थानीय समुदायलाई उपलब्ध हुने व्यवस्था गरी साँस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनमा स्थानीय समुदायलाई संलग्न गराउने ।

(ज) काठमाडौं उपत्यकामा अन्तराष्ट्रियस्तरका सभा, सम्मेलन, मेला, प्रदर्शनी, खेलकुद आदि सञ्चालन हुने पूर्वाधारको विकासमा जोड दिने ।

(झ) काठमाडौं उपत्यकामा भइरहेको प्रशासनिक केन्द्रीकरणलाई निरुत्साहित गर्दै यथासम्भव त्यस्ता क्रियाकलापलाई काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्ने ।

(ञ) काठमाडौं उपत्यकाको साँस्कृतिक पहिचानलाई असर पुऱ्याउने वा वातावरणमा प्रतिकूल प्रभाव पार्ने औद्योगिक वा व्यापारिक क्रियाकलापलाई काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गर्ने ।

(ट) काठमाडौं उपत्यकामा भइरहेको शहरीकरणको चापलाई कम गर्न उपत्यकाको नजिक रहेका शहरी केन्द्रको विकासमा जोड दिने ।



४.१.८ <u>रणनीति ३.१.८ सँग सम्बन्धित</u> ( नगरोन्मुख ग्रामीण क्षेत्रहरुमा पूर्वाधार विकास एवं सामाजिक सेवामा सम्बद्ध निकायहरुबीच समन्वय कायम गर्दै भौतिक, सामाजिक तथा आर्थिक सम्बन्धको माध्यमबाट शहर-ग्रामीण अन्तर सम्बन्धलाई अभिवृद्धि एवं सुदृढ गर्ने):

(क) शहरी योजना तयार गर्दा वा भौतिक विकासका कार्यहरु गर्दा सो शहर तथा आसपासका ग्रामीण क्षेत्रहरुबीचको अन्तरसम्बन्धलाई ध्यान दिने ।

(ख) शहर र ग्रामीण क्षेत्रकाबीच यातायात र सञ्चार सम्पर्क सुदृढ गर्ने ।

(ग) शहरमा ग्रामीण क्षेत्रबाट हुने कृषि उपजको आपूर्ति तथा बजारबाट ग्रामीण क्षेत्रमा उपभोग्य बस्तु तथा सेवाको आपूर्तिको रुपमा रहेको अन्तरसम्बन्धलाई सुदृढ तथा दिगो बनाउने कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

(घ) निकट ग्रामीण क्षेत्रमा रहेको उद्यमशीलतालाई तालीम र बजारस्थलको उपलब्धता आदिको माध्यमबाट प्रबर्द्धन गरी शहरी आपूर्ति व्यवस्थामा त्यसको योगदान अभिवृद्धि गर्ने ।

## ४.२ स्वच्छ एवं समृद्ध शहरी वातावरण सम्बन्धी

४.२.१ <u>रणनीति ३.२.१ सँग सम्बन्धित</u> (स्थानीय निकायहरुलाई योजनाबद्ध शहरी पूर्वाधार एवं सेवा सुविधाको विकासमा आवश्यक सहयोग तथा प्रोत्साहन गर्दै ती निकायहरुका शहरी क्रियाकलापलाई स्वीकृत आवाधिक र वार्षिक योजना बमोजिम सञ्चालन गर्न प्रोत्साहन तथा निर्देशित गर्ने) :

(क) स्थानीय निकायहरुलाई आवाधिक र वार्षिक योजना तर्जुमा गर्न प्रोत्साहन तथा निर्देशित गर्ने र ती निकायहरुले भौतिक विकासका क्रियाकलापहरु गर्दा योजना अनुकूल गर्ने ।

(ख) शहरी योजनाको तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन प्रकृयालाई व्यवस्थित गर्न तथा स्थानीय निकायलाई शहरी योजना तर्जुमा गर्नमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन भौतिक विकास योजना सम्बन्धी कानूनी तथा सँस्थागत व्यवस्था गर्ने ।

(ग) स्थानीय निकायले योजना बनाउँदा केन्द्रीय वा क्षेत्रीय निकायबाट जारी भएका योजना, नीति एवं मापदण्ड अनुकूल हुने कानूनी व्यवस्था गर्ने ।

(घ) शहरी योजना तर्जुमा गर्दा सहस्राब्दी बिकास योजनालाई समेत समायोजन गर्ने ।

४.२.२ **रणनीति ३.२.२ सँग सम्बन्धित** (शहरी पूर्वाधार सेवाहरुको विकासका लागि विविध वित्तीय स्रोतको पहिचान गरी सो को प्रयोग गर्ने) :

(क) शहरी पूर्वाधार सेवा सम्बन्धी नर्मस् तथा स्ट्याण्डर्ड बनाइ लागू गर्ने ।

(ख) शहरी पूर्वाधारको विकासमा निजी क्षेत्रलाई लगानी गर्न उत्प्रेरित गर्ने र सार्वजनिक निजी साझेदारीलाई बढावा दिने ।

(ग) पूर्वाधार सेवाहरुको विकासमा उपलब्ध हुन सक्ने वित्तीय स्रोतलाई विविधीकरण गर्ने र बैंकिङ् क्षेत्रलाई पनि यस क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने कानूनी तथा नीतिगत व्यवस्था मिलाउने ।

(घ) स्थानीय निकायको राजस्व संभाव्यताको आधारलाई फराकिलो बनाइ राजस्व अभिबृद्धि गर्ने र पूर्वाधार सेवाको विकासमा लगानी बृद्धि गर्न स्थानीय निकायहरुलाई सहयोग गर्ने ।

(च) महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको मौजुदा क्षमतालाई ध्यानमा राखी ऋण लिन पाउने तथा कर उठाउन पाउने व्यबस्था स्थापित गर्ने ।

(छ) नगर विकास कोषको पूँजी प्रवाहलाई सुदृढ गर्दै जग्गा विकास कार्यक्रमहरुमा समेत योगदान पुऱ्याउने गरी सो कोषमा स्थानीय निकाय लगायत शहरी पूर्वाधार विकासमा सम्बद्ध निकायहरुको पहुँच सहज बनाउने ।



४.२.३ **रणनीति ३.२.३ सँग सम्बन्धित** (सार्वजनिक यातायातमा वातावरणीय रुपमा कम हानीकारक प्रणाली तथा साधनहरुलाई प्रोत्साहन दिने) :

(क) बढी क्षमता भएका सार्वजनिक यातायातका साधनलाई प्रोत्साहन गर्दै निजी सवारी साधनको प्रयोगलाई कम गर्ने ।

(ख) विद्युतीय तथा Compressed Natural Gas (CNG) जस्तो अन्य वैकल्पिक उर्जा प्रयोग गर्ने सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्ने ।

(ग) सबै नगरपालिकाले पार्किङ नीति तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

(घ) यातायात व्यवस्थापनमा पैदल यात्रु, साइकल प्रयोगकर्ता तथा शारीरिक रुपमा अशक्तहरूको सुबिधालाई बढी ध्यान दिने ।

(ङ) बढी प्रदूषण गर्ने सवारी साधनलाई प्रदूषण कर लगाउने नीति अवलम्बन गर्ने ।

(च) धेरै आवागमन हुने वा सवारी चाप बढाउने कृयाकलापहरुलाई ठूलो बाटो र सार्वजनिक यातायातको सुविधा भएको स्थानमा निर्देशित गर्ने ।

४.२.४ **रणनीति ३.२.४ सँग सम्बन्धित** (शहरी क्रियाकलाप सञ्चालन गर्दा शहरका साँस्कृतिक, पुरातात्विक तथा सामाजिक विशेषताहरुको संरक्षणमा विशेष योगदान दिने) :

(क) स्थानीय निकायलाई सास्कृतिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षणका लागि छुट्टै योजना बनाई कार्यान्वयन गर्न लगाउने र सो को लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

(ख) स्थानीय निकायहरुलाई शहरका भित्री भागको मौलिकताको पहिचान गरी तिनीहरुको संरक्षण तथा सम्वर्द्धन हुने भूउपयोग योजना बनाई कार्यान्वयन गर्न निर्देशित तथा प्रोत्साहित गर्ने ।

(ग) शहरमा रहेको पुरातात्विक, ऐतिहासिक, सामाजिक र साँस्कृतिक

मौलिकतालाई पर्यटकीय दृष्टिले आय आर्जनको माध्यमको रुपमा प्रयोग तथा सम्वर्द्धन गर्ने।

४.२.५ **<u>रणनीति ३.२.५ सँग सम्बन्धित</u>** (घर जग्गाको आपूर्तिमा आर्थिक रुपमा पिछडिएको वर्गको समेत पहुँच हुने गरी सुलभ घर जग्गाको आपूर्ति व्यवस्था विकास गर्ने) :

(क) व्यवस्थित बसोबासका लागि जग्गा विकासका विविध उपायहरुको अवलम्बन गरी तिनीहरुको कार्यान्वयन गर्ने।

(ख) स्थानीय निकायलाई जग्गा विकास कार्यक्रम सञ्चालन गर्न कानूनी तथा सँस्थागत रुपमा सक्षम बनाउने।

(ग) जग्गा विकास कार्यक्रमहरुमा निजी क्षेत्रलाई प्रोत्साहन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने।

(घ) जग्गा विकास कार्यक्रम सञ्चालन गर्दा निम्न आय भएका व्यक्तिहरुका लागि निश्चित संख्यामा घर जग्गाको व्यवस्था गर्नुपर्ने गरी आवश्यक कानूनी व्यवस्था गर्ने।

(ङ) स्थानीय निकायलाई जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नका लागि शहरी विकास तथा भवन निर्माण विभागमा जग्गा विकास कोषको व्यवस्था गर्ने।

(च) गरीवी निवारणका कार्यक्रमहरुमा शहरभित्रका सुकुम्बासी वा न्यून आय भएका वर्गको आवास सुबिधा र अन्य आय आर्जनका कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने।

(छ) निम्न आय भएका व्यक्तिहरुका लागि आवास उपलब्ध गराउन सहकारी र अन्य माध्यमबाट सुलभ कर्जाको व्यवस्था गर्ने।

(ज) सरकारी, सार्वजनिक एवं सामुदायिक भवनहरूको निर्माण गर्दा शारीरिक रुपमा अशक्तहरूको एवं महिलाहरूको सुविधालाई ध्यान दिने।



(झ) शहरी विकासको स्वरुप तथा गतिलाई निर्देशित गर्न तथा जग्गाको समयानुकूल आपूर्ति गर्न भूमि बैंक तथा जग्गा विनिमय (साटासाट) जस्ता पद्धतिहरुको अवलम्बन गर्ने।

(ञ) जग्गाको सहज आपूर्तिलाई सुनिश्चित गर्न शहरमा उपलब्ध खाली जग्गाको अभिलेख राखी त्यस्तो जग्गा भविष्यमा हुन सक्ने शहरी विस्तारमा उपलब्ध गराउन आवश्यक नीति तर्जुमा गरी लागू गर्ने।

(ट) जग्गाको उपलब्धता, बिक्री गर्ने व्यक्ति वा फर्मको नाम, सम्भावित खरिदकर्ताहरु तथा जग्गाको मूल्य आदिको जानकारी बारे सूचना प्रणालीको विकास गर्दै सर्वसाधारणलाई सूचित गर्न उपयुक्त संस्था एवं संयन्त्र स्थापना गर्ने।

(ठ) घरजग्गा बहाल सम्बन्धी कारोबारलाई कानून बनाई नियमित गर्ने र यस क्षेत्रमा निजी लगानीलाई प्रोत्साहन गर्ने।

४.२.६ **<u>रणनीति ३.२.६ सँग सम्बन्धित</u>** (प्राकृतिक स्रोत तथा पराम्परागत भौतिक संरचनाको संरक्षण र सो को दिगो प्रयोगद्वारा सन्तुलित नगर तथा टोलको विकास गर्ने) :

(क) नगर तथा टोलको बनावटमा आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु, आवास र आधारभूत सेवा सुविधाहरु जस्ता मिश्रित भू-उपयोगको सन्तुलनलाई प्रोत्साहन गर्ने।

(ख) प्राकृतिक स्रोतको उपयोग गर्दा सो स्रोतमा क्षति नहुने गरी दिगो रुपमा प्रयोग गर्ने पद्धति स्थापित गर्ने।

(ग) नगर भित्रका परम्परागत ढुङ्गेधारा, इनार, कुवा, कुलो जस्ता भौतिक संरचनाहरुको समुदायलाई परिचालन गर्दै निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयनद्वारा संरक्षण एवं सम्बर्धन गर्ने।

(घ) बर्षातको पानी जस्तो प्राकृतिक स्रोतलाई खेर जान नदिई उपयुक्त संकलन प्रविधि अवलम्बन गर्दै शहरी क्रियाकलापहरुको लागि चाँहिने पानीको आपूर्तिमा योगदान पुर्‍याउने।

४.२.७ **रणनीति ३.२.७ सँग सम्बन्धित** (शहरी क्रियाकलापको सञ्चालन तथा प्राकृतिक स्रोतको परिचालनमा वातावरण संरक्षणको विषयलाई प्राथमिकता दिई स्वस्थ शहरको विकास गर्ने) :

(क) स्थानीय निकायले शहरी सरसफाइ, फोहोर पानी तथा फोहरमैला व्यवस्थापन योजनाबद्ध एवं एकीकृत ढंगले सञ्चालन गर्न आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गर्ने।

(ख) नगरपालिकाहरुमा ल्याण्डफिल्ड साइटको व्यवस्था गर्न सरकार र स्थानीय निकायले सहकार्य गर्ने र विद्यमान नगरपालिकाहरुले आफ्नो पहिलो आवधिक योजनाको ५ वर्ष अवधि भित्र ल्याण्ड फिल्ड साइटको व्यवस्था गर्ने।

(ग) स्थानीय निकायलाई फोहरमैला व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराउन विद्यमान फोहोरमैला व्यवस्थापन तथा श्रोत परिचालन केन्द्रलाई केन्द्रीय संयन्त्रको रुपमा स्थापना गर्ने।

(घ) स्थानीय निकायले भौतिक विकास गर्दा अनिवार्य रुपमा वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन गर्नुपर्ने व्यवस्था लागू गर्ने।

(ङ) भौतिक विकासका वा शहरी विकासका कुनैपनि कार्य सञ्चालन गर्दा शहरलाई वातावरणीय रुपमा स्वच्छ राख्ने विषयलाई प्रमुख प्राथमिकता दिने पद्धति स्थापित गर्ने।

(च) सबै नगरपालिकाहरुलाई स्वस्थ शहर सम्बन्धमा विशेष कार्यक्रम बनाई लागू गर्न र त्यस्तो कार्यक्रमभित्र स्कूल, अस्पताल, सार्वजनिक पार्क जस्ता नगरका सार्वजनिक उपयोगका स्थलहरुलाई सफा एवं स्वच्छ राख्न प्रोत्साहन गर्ने।

(छ) सार्वजनिक जग्गाको अभिलेख तयार गर्ने र त्यस्ता जग्गालाई अतिक्रमणबाट जोगाई शहरी वातावरण सुधारमा उपयोग हुने गरी जनसहभागितामा आधारित योजना बनाई लागू गर्ने।



४.२.८ **रणनीति ३.२.८ सँग सम्बन्धित** (प्राकृतिक स्रोतमा भइरहेको ह्रासलाई रोक्न एवं पूर्वाधार सेवामा हुने लगानीलाई कम गर्न छरिएर हुने (scattered) बस्ती विकासलाई निरुत्साहित गर्दै पूर्वाधार सेवासम्पन्न घना नगर तथा बस्तीको विकासलाई प्रोत्साहन गर्ने) :

(क) भू-उपयोग सम्बन्धी मापदण्ड, सुलभ कर्जा, उपयुक्त राजस्व नीति, जग्गाको हदबन्दीमा छुट र यस्तै प्रकारका अन्य उपाय अवलम्बन गरी संयुक्त आवास प्रणालीलाई प्रोत्साहित गर्ने।

(ख) छरिएर रहने बस्ती विकासबाट हुने वातावरणीय ह्रासलाई निरुत्साहित गर्न तदनुरुपको आवश्यक मापदण्ड लागू गर्ने।

(ग) प्राकृतिक स्रोतको संरक्षणको लागि शहरी क्षेत्रलाई बस्ती विकास क्षेत्र र बस्ती विकास निषेधित क्षेत्रमा छुट्याई भूउपयोग योजना लागू गर्ने।

(घ) बस्ती विकास निषेधित क्षेत्रमा कृषीजन्य, मनोरञ्जनात्मक पार्क तथा वनजन्य क्रियाकलापहरु गर्न प्रोत्साहन गर्ने।

(ङ) बस्ती विकास निषेधित क्षेत्रको संरक्षण गर्न स-सानो आकारमा हुने कित्ताकाटलाई नियन्त्रण गर्ने।

(च) बस्ती विकास निषेधित क्षेत्रको संरक्षणको लागि त्यस्तो जग्गामा उच्च उत्पादकत्व भएका एवं आय हुने कृषि उपज तथा व्यावसायिक क्रियाकलापलाई प्रोत्साहन गर्ने।

(छ) शहरी विकास र विस्तारलाई निर्देशित गर्न शहरी विकास निर्देशिका बनाई लागू गर्ने।

(ज) उपलब्ध सार्वजनिक पूर्वाधार तथा सेवा सुविधाको अनुपातमा आवासीय र अन्य शहरी भू-उपयोग कृयाकलापहरु गर्न स्वीकृति दिने पद्धति स्थापित गर्ने।

(झ) आवासीय क्षेत्रहरुमा जग्गा ओगट्ने परिपाटिलाई निरुत्साहित गर्न भूमिकर प्रणाली लागू गर्ने।

(ञ) शहरी क्षेत्रमा पूर्वाधार संरचनाको निर्माण वा सेवा सुविधाको व्यवस्था गर्दा बस्ती विकास क्षेत्र र बस्ती विकास निषेधित क्षेत्रका लागि छुट्टा छुट्टै मापदण्ड बनाई लागू गर्ने।

४.२.९ **रणनीति ३.२.९ सँग सम्बन्धित** (संभावित प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न स्थानीय निकायहरुले प्राकृतिक प्रकोप व्यवस्थापन योजना (Disaster management plan) बनाई लागू गर्ने पद्धति स्थापित गर्ने) :

(क) सुरक्षित, सर्वसाधारणको पहुँच हुन सक्ने र वातावरणीय रुपमा उपयुक्त भवन निर्माण पद्धतिको विकास गर्ने।

(ख) वैकल्पिक भवन निर्माण सामग्री, निर्माण प्रविधि सम्बन्धमा स्थानीय स्तरमा उपलब्ध परम्परागत ज्ञान र सीपलाई विशेष महत्व दिई उपयुक्त प्रविधि (Appropriate Technology) को अनुसन्धान, विकास र प्रयोग गर्ने।

(ग) राष्ट्रिय भवन संहितालाई समयानुकूल परिमार्जन गर्दै सरकारी, निजी तथा सार्वजनिक भवनहरुमा लागू गर्ने।

(घ) प्राकृतिक प्रकोप वा वातावरणीय जोखिमपूर्ण क्षेत्रमा भवन निर्माणलाई निषेध गर्ने।

(ङ) सबै स्थानीय निकायलाई भूकम्प, आगलागी तथा बाढी पहिरो जस्ता संभावित प्राकृतिक प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा छुट्टै कार्ययोजना बनाई लागू गर्न निर्देशित तथा प्रोत्साहित गर्ने।

(च) प्राकृतिक प्रकोपको नियन्त्रण तथा व्यवस्थापनमा स्थानीय निकाय मार्फत समुदायलाई परिचालन गर्ने र सर्वसाधारणमा प्राकृतिक प्रकोप व्यवस्थापन सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने।

४.२.१० **रणनीति ३.२.१० सँग सम्बन्धित** (स्थानीय संभाब्यता र अवसरहरुमा आधारित आर्थिक विकासका विविध क्रियाकलापहरुलाई प्रोत्साहन गरी रोजगारका अवसरहरु सृजना गर्ने ) :



(क) आयातलाई प्रतिस्थापन गर्ने र निर्यातका लागि प्रतिस्पर्धात्मक क्षमता भएका, स्थानीय कच्चा पदार्थ तथा जनशक्तिमा आधारित उद्योग तथा व्यवसायलाई प्रोत्साहन दिने।

(ख) व्यावसायिक कृषि क्रियाकलापहरुलाई शहरी आर्थिक बिकासको अभिन्न अगंको रुपमा स्वीकार्दै बजार व्यवस्था, प्राविधिक तथा वित्तीय सहयोगको समुचित व्यवस्था गरी प्रोत्साहन गर्ने।

(ग) पर्यटन क्रियाकलापहरुको बिकास र बिस्तारमा निजी तथा बैदेशिक लगानीलाई उचित सुविधा एवं सहुलियतहरु उपलब्ध गराई आकर्षण गर्ने।

(घ) सूचना प्रविधिमा आधारित सेवामूलक उद्योग व्यवसायहरुलाई प्रोत्साहन दिने।

(ङ) व्यापार, घरजग्गा कारोबार तथा निमार्ण व्यवसायलाई व्यवस्थित तथा मर्यादित बनाउँदै आर्थिक अवसरहरुको अभिबृद्धि गर्ने।

(च) शहरी पूर्वाधारमा गरिनुपर्ने लगानीलाई उच्च प्राथमिकता दिइ आर्थिक अवसरहरु सृजना गर्ने।

४.२.११ **रणनीति ३.२.११ सँग सम्बन्धित** (अनौपचारिक क्षेत्रमा भइरहेका आर्थिक क्रियाकलाप एवं रोजगारीलाई शहरको आर्थिक विकासमा आबद्ध गराउने) :

(क) शहरमा असंगठित तथा अनौपचारिक क्षेत्रमा हुने आर्थिक क्रियाकलापलाई शहरको आय आर्जन तथा आर्थिक विकाससँग आवद्ध गर्ने।

(ख) यस्ता क्षेत्रमा भएका व्यापारिक क्रियाकलापलाई व्यवस्थित गर्न त्यस्ता व्यवसाय हुन सक्ने उपयुक्त स्थलहरुको विकास गर्ने।

(ग) यस्ता क्षेत्रका आर्थिक क्रियाकलापलाई संगठित क्षेत्रमा रुपान्तरण गर्न आवश्यक प्राविधिक, व्यवस्थापकीय तथा वित्तीय सहयोग उपलब्ध गराउने।

४.३ प्रभावकारी शहरी व्यवस्थापन सम्बन्धी

४.३.१ **रणनीति ३.३.१ सँग सम्बन्धित** (स्थानीय निकायहरुलाई शहरी योजना कार्यान्वयन गर्ने प्रमुख निकायको रुपमा विकास गर्ने र तिनीहरुको संस्थागत क्षमतालाई सुदृढ गर्ने) :

(क) प्रत्येक स्थानीय निकायमा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यको लागि आवश्यकता अनुसार शाखा, महाशाखा वा विभाग राख्ने पद्धतिको विकास गर्ने।

(ख) स्थानीय निकायको क्षमता अभिबृद्धि गर्न केन्द्रीय स्तरबाट प्राविधिक सहयोग तथा आर्थिक अनुदान उपलब्ध गराउने प्रणाली विकास गर्ने।

(ग) स्थानीय निकायको योजना तर्जुमा र कार्यान्वयनमा दक्षता अभिबृद्धि गर्न तथा वित्तीय स्रोतको पहिचान र परिचालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

(घ) जिल्ला विकास समितिहरुलाई पनि शहरोन्मुख गाउँहरुको लागि शहरी योजना तर्जुमा गर्न निर्देशित गर्ने तथा सो को लागि आवश्यक सहयोग उपलब्ध गराउने।

४.३.२ **रणनीति ३.३.२ सँग सम्बन्धित** (शहरी योजना तर्जुमा तथा कार्यान्वयनमा सम्बद्ध केन्द्रीय सरकारी निकायहरुको क्षमता अभिबृद्धि गर्ने) :

(क) शहरी योजनाको क्षेत्रमा राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा विकसित हुँदै गरेका नवीनतम अवधारणाहरुसँग अवगत हुने, सम्बद्ध अन्तराष्ट्रिय संस्था वा निकायसँगको सम्पर्क स्थापित गर्दै अनुभवहरुको आदान प्रदान हुने प्रणालीको विकास गरी शहरी योजनाको तर्जुमा, स्वीकृति तथा अनुगमनको क्षेत्रमा कार्यरत केन्द्रीय निकायको दक्षता अभिबृद्धि गर्ने।



४.३.३ **रणनीति ३.३.३ सँग सम्बन्धित** (भौगोलिक निकटता, एकै प्रकारको प्राकृतिक तथा भौतिक स्रोत एवं अन्य क्रियाकलापमा एक अर्कासँग प्रत्यक्षतः सम्बन्धित रहेका शहरी केन्द्रहरुका बीचमा एकीकृत एवं सामूहिक दृष्टिकोणमा आधारित स्थानीय शहरी व्यवस्थापनको विकास गर्ने) :

(क) भौगोलिक निकटता रहेका, एउटै प्राकृतिक स्रोत उपरको निर्भर र पूर्वाधार सेवाको सामूहिक उपयोग गरिरहेका शहरी केन्द्रहरुका लागि एकीकृत योजना तर्जुमा, स्वीकृति तथा अनुगमनको व्यवस्था गर्न आवश्यक कानूनी तथा सँस्थागत व्यवस्था गर्ने

(ख) भविष्यमा पर्न सक्ने जनसंख्याको चापको व्यवस्थापन, प्राकृतिक स्रोतको उपयोग तथा औद्योगिक वा व्यापारिक क्रियाकलापको बिस्तारमा शहरी केन्द्रहरुले समानुपातिक रुपमा बहन गर्ने पद्धतिको विकास गर्ने।

(ग) नगरपालिकाको वरिपरि रहेका शहरोन्मुख ग्रामीण क्षेत्रको शहरी विकासका विषयहरुलाई व्यवस्थित गर्न नगरपालिकाको अगुवाइमा गाउँ विकास समितिहरु सम्मिलित छुट्टै संयन्त्रको स्थापना गर्ने।

४.३.४ **रणनीति ३.३.४ सँग सम्बन्धित** (एकीकृत शहरी योजना निर्माण तथा अनुगमन प्रक्रिया अवलम्बन गर्न आवश्यक कानूनी तथा सँस्थागत संयन्त्रको निर्माण गर्ने) :

(क) निक्षेपणको मर्मलाई आत्मसाथ गर्दै शहरी योजना तर्जुमा, स्वीकृति तथा अनुगमनमा सम्बद्ध निकायहरुको भूमिका एवं दायित्वलाई सुस्पष्ट गर्न तथा क्षेत्रगत एवं तहगत योजनाहरु बीच तादात्म्य स्थापित गर्दै योजना तर्जुमा, स्वीकृति तथा अनुगमनको प्रणालीलाई नियमित तथा व्यवस्थित गरी सम्बद्ध निकायकाबीच समन्वय स्थापित गर्न केन्द्रीय तथा क्षेत्रीयस्तरमा एउटा छुट्टै संयन्त्र स्थापना गर्न भौतिक विकास योजना ऐन बनाई लागू गर्ने।

(ख) शहरी योजना तर्जुमा, कार्यान्वयन तथा लगानी गर्ने निकायहरुलाई एउटै केन्द्रीय निकाय मातहत राख्ने।

४.३.५ <u>रणनीति ३.३.५ सँग सम्बन्धित</u> (गैर कृषि आर्थिक क्रियाकलापमा निर्भर निश्चित भौतिक पूर्वाधार तथा सँस्थागत क्षमता भएको शहरी केन्द्रलाई मात्र नगरपालिका घोषणा गर्ने परिपाटिको थालनी गर्ने) :

(क) निश्चित स्तरको सडक, खानेपानी, ढल निकास, विद्युत, टेलिफोन जस्ता भौतिक पूर्वाधार सुबिधा भएको तथा मूलतः गैर कृषि आर्थिक क्रियाकलापमा निर्भर रहेको शहरी क्षेत्रलाई मात्र नगरपालिका घोषणा गर्ने कानूनी व्यवस्था गर्ने ।

(ख) नगरपालिका घोषणा गर्दा ल्याण्ड फिल्ड साइटको व्यवस्थालाई न्यूनतम आधारको रुपमा समावेश गर्ने । साथै शहरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नका लागि आवश्यक न्यूनतम स्तरको प्राविधिक जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने ।

(ग) शहरीकरण भइरहेका तर नगरपालिका घोषणा भइनसकेका शहरी केन्द्रहरुको शहरी विकास योजना बनाई कार्यान्वयन गर्ने पद्धति स्थापित गर्ने ।